**लोक सेवा आयोग**

**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, प्रशासन, छैठौं, सहायक प्रबन्धक**

**पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा**

**२०७९/०२/२०**

**पत्र: प्रथम**

**समय: ३ घण्टा** **पूर्णाङ्क : १००**

**विषय: बैंकिङ, लेखा, वित्तीय विश्लेषण र आर्थिक नीति**

**प्रत्येक खण्डको उत्तर छुट्टयछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।**

**खण्ड 'क'**

१. वाणिज्य बैंकका मुख्य-मुख्य कार्यहरु के के हुन् ? व्याख्या गर्नुहोस् । नेपालका वाणिज्य बैंकहरुले सामना गर्नु परिरहेका मुख्य-मुख्य चुनौतीहरु उल्लेख गर्नुहोस् ।

What are the major functions of a commercial bank ? Explain. State the challenges being faced by commerical banks in Nepal.

२. क्रिप्टो लगायतका अभौतिक सम्पत्तिको कारोबार अनौपचारिक क्षेत्रमा हुन थालेको र यसले भविष्यमा अर्थ व्यवस्थामा नै जोखिम सृजना गर्ने देखिएको छ । यस सन्दर्भमा बैंकिङ्ग कसूर तथा सजाँय ऐन, सम्पत्ति शुद्धीकरण निवारण ऐन, विदेशी विनिमय नियमित गर्ने ऐन लगायत अन्य ऐनमा के कस्तो सुधार आवश्यक छ ? उल्लेख गर्नुहोस् ।

Transactions of intangible assets including crypto have begun in the informal sector and this seems to pose a risk to the economy in the future. In this context, what reforms are needed in Banking Offense and Punishment Act, Anti-Money Laundering Act, Foreign Exchange Regulations Act and other Acts ? Explain.

**खण्ड 'ख'**

३. नेपाल वित्तीय प्रतिवेदन (NFRS) को बारेमा छोटकरीमा उल्लेख गर्नुहोस् । नेपालका बैंक तथा वित्तीय संस्थाहरुले NFRS कार्यान्वयनको सनदर्भमा सामाना गर्नुपरेका चुनौतीहरुका बारेमा सविस्तार लेख्नुहोस् ।

What briefly on Nepal Financial Reporting Standard (NFRS). Explain the challenges faced by financial institutions of Nepal in implementing NFRS.

४. परियोजना मूल्यांकन गर्न किन आवश्यक हुन्छ ? परियोजना मूल्यांकन गर्ने प्रचलित विधिहरुको बारेमा उल्लेख गर्नुहोस् ।

Why is it necessary to evaluate the project ? Mention the prevailing mehtods of project appraisal.

५. मौद्रिक नीति र वित्त नीतिबीचको अन्तरसम्बन्ध प्रष्ट पार्दै नेपालको समग्र अर्थतन्त्रको वर्तमान सन्दर्भमा मौद्रित नीति र वित्त नीतिमा के कस्ता विषयहरु समावेश हुनुपर्ने देख्नुहुन्छ ? आफ्ना सुझाव प्रस्तुत गर्नुहोस् ।

Clarify the interrelationship between Monetary Policy and Fiscal Policy. In the current context of macroeconomic situation of Nepal, what reforms are needed in monetary policy and fiscal policy ? Give your suggestions.

CamScanner

**लोक सेवा आयोग**
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, प्रशासन, छैठौं, सहायक प्रबन्धक पदको**
**प्रतियोगितात्मक लिखित परीक्षा**
**२०७६/४/१०**

पत्र: प्रथम
समय: ३ घण्टा पूर्णाङ्क : १००

**विषय: बैकिङ्ग, लेखा, वित्तीय विश्लेषण र आर्थिक नीति**

**प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । सबै प्रश्न समान अङ्कका छन् ।**

१. नेपालमा बैंकिङ्ग पहुँचको मौजुदा अवस्था र समस्याको विश्लेषण गर्नुहोस् । "सबै नेपाली जनताको बैंक खाता" राष्ट्रिय अभियानलाई साकार पार्न र सबै प्रकारका कारोबारलाई बैकिङ्ग प्रणालीमा आबद्ध गर्न के कस्ता कानूनी, संरचनागत र प्रक्रियागत सुधार गर्नुपर्ला ? तथ्यगत एवं व्यावहारिक सुझाव प्रस्तुत गर्नुहोस् ।

Analysis the existing situation and problems of banking access in Nepal. To materialize the national movement of "Bank Account of All Nepalese People" and to associate all kinds of transactions in banking system, what legal, structural and procedural reforms should be made? Present factual and practical suggestions.

२. कम्पनी ऐन, २०६३ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा नेपालका बैंक तथा वित्तीय संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्न गरिएको कानूनी व्यवस्थाबारे विश्लेषणात्मक प्रस्तुति दिनुहोस् ।

Give an analytical presentation about the legal provisions made in company Act, 2063 and Banks and Financial Institutions Act, 2073 for promoting corporate governance of banks and financial institutions of Nepal.

३. आयोजना सञ्चालनमा लागत-लाभ विश्लेषणको भूमिका उल्लेख गर्नुहोस् । यसले बैंक तथा वित्तीय संस्थाहरुको लगानी नीतिलाई कस्तो प्रभाव पार्दछ ? चर्चा गर्नुहोस् ।

Elaborate the role of Cost-Benefit Analysis in Project operation. What effects does it make on the investment policy of banks and financial institutions? Discuss.

४. निम्न विषयमा लेख्नुहोस् । (Write on the following subjects.)

क) आन्तरिक नियन्त्रण प्रणालीका अवयवहरु (Components of Internal Control System)

ख) वित्तीय विवरण विश्लेषणका तरिका वा उपकरणहरु (Techniques or Tools of Financial Statement Analysis)

५. मौद्रिक नीति र वित्त नीतिबीच फरक छुट्याउनुहोस् । नेपालको मौद्रिक नीतिको उपकरणहरुका प्रभावकारिता बारेमा चर्चा गर्नुहोस् ।

Differentiate between Monetary and Fiscal Policy. Discuss about the effectiveness of instruments of Nepalese Monetary Policy.

लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, प्रशासन, छैठौं, सहायक प्रबन्धक पदको

प्रतियोगितात्मक लिखित परीक्षा

२०७६/४/११

पत्र: द्वितिय

समय: ३ घण्टा　　　　　　　　　　　　　　　　　　　　　　　　　　पूर्णाङ्क : १००

**विषय: अर्थ, मुद्रा, व्यवस्थापन, सूचना प्रविधि, रणनीतिक योजना तथा समस्याको पहिचान र समाधान**

**प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।**

१. नेपालका लागि Regional Trade Arrangements का अवसर र चुनौतीहरुको बारेमा व्याख्या गर्नुहोस् । साथै, साफ्टा र बिम्स्टेकबाट नेपाललाई प्राप्त उपलब्धिहरुको विवेचना गर्नुहोस् ।

Explain about the opportunities and challenges of regional trade arrangements for Nepal. Also, examine the achievements form SAFTA and BIMSTEC to Nepal.

२. संस्थागत सामाजिक उत्तरदायित्वको अवधारणा स्पष्ट पार्नुहोस् । नेपालका वाणिज्य बैंकहरुले यस्तो उत्तरदाइत्व कसरी पूरा गर्न सक्छन् ? उदाहरणसहित वर्णन गर्नुहोस् ।

Clarify the concept of Corporate Social Responsibility. How the Commercial Banks of Nepal can fulfill this responsibility? Describe with examples.

३. नेपाल राष्ट्र बैंकले जारी गरेको Information Technology Guidelines बमोजिम Business Continuity and Disaster Recovery Planning सम्बन्धी व्यवस्थाहरुबारे चर्चा गर्नुहोस् ।

Discuss about provisions of Business Continuity and Disaster Recovery Planning as per the Information Technology Guideliness Issued by Nepal Rastra Bank.

४. रणनीतिक योजनाका मुलभूत तत्वहरुको बारेमा संक्षिप्त चर्चा गर्नुहोस् । सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंकको बजारीकरण सम्बन्धी एउटा तीन वर्षीय रणनीतिक योजनाको खाका प्रस्तुत गर्नुहोस् ।

Briefly discuss about the major elements of a strategic plan. Present a specimen of a three year strategic plan about marketing for government owned Rastriya Banijya Bank Limited.

५. नेपालको व्यापार घाटाको निरन्तर वृद्धि हुने प्रवृत्तिका कारण चालु खाता एवं भुक्तानी सन्तुलन समेत हालसालैको वर्षहरुमा उच्चस्तरमा ऋणात्मक हुन्छ गएको छ । बाहय क्षेत्रमा बढ्दै गएको यो असन्तुलनको समग्र वित्तीय स्थायित्वमा पनि चुनौती थपिएको छ । व्यापार उदारीकरणमा नेपालले अन्तर्राष्ट्रियस्तरमा जनाएका प्रतिवद्धताका कारण आयातमा प्रत्यक्ष नियन्त्रण गर्ने उपायहरु अवलम्बन गर्न कठीन छ । अर्कोतर्फ, आयातको कमीले सरकारको राजस्व संकलनमा कमी आउँदछ । फलस्वरुप, यसले मुलुकको उच्च आर्थिक वृद्धिको लागि आवश्यक पर्ने श्रोतसाधनको अपर्याप्तता हुन्छ । यस सन्दर्भमा मुख्य समस्याको पहिचान गर्नुहोस् र यसका कारणहरुको बारेमा विश्लेषण गर्नुहोस् । साथै, समस्याको समाधानका लागि उपयुक्त सुझावहरु प्रस्तुत गर्नुहोस् ।

Due to the continuous increasing trend of trade deficit of Nepal, Current Account and Balance of Payments (BoP) have turned into highly negative in recent yerars. The increasing imbalance in external sector has posed challenges in aggregate financial stability as well. Dut to the international level commitment made by Nepal in trade liberalization, it is difficult to adopt direct import control measures. On the other hand, reduction in import leads to reduction in government revenue collection. As a result, this leads to inadequacy of the resources needed for high economic growht of the country. In this contest, identify the main problems and analyze about its causes. In addition to it, present the suitable suggestions for resolving the problems.

CamScanner

**लोक सेवा आयोग**

**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, प्रशासन, छैठौं, सहायक प्रबन्धक पदको**

**प्रतियोगितात्मक लिखित परीक्षा**

**२०७४/११/२५**

**पत्रः प्रथम**

**समयः ३ घण्टा**

**पूर्णाङ्क : १००**

**विषयः बैकिङ्ग, लेखा, वित्तीय विश्लेषण र आर्थिक नीति**

**प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्ध हुनेछ ।**

१. विपन्न वर्ग तथा उत्पादनशील क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जाका सम्बन्धमा नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको निर्देशनको मुख्य बुँदाहरुको चर्चा गर्नुहोस् । साथै, विपन्न वर्ग तथा उत्पादनशील कर्जा प्रवाहमा राष्ट्रिय वाणिज्य बैकको भूमिकाको विश्लेषण गर्नुहोस् ।

Discuss the major points of directives issued by Nepal Rastra Bank for Bank and Financial Institutions relating to deprived class and productive sector leading. In additions, analyze the roel of of Rastriya Banijya Bank in the flow of credit to the deprived class and productive sectors.

२. आयकर ऐन २०५८ का उद्देश्यहरु के के हुन् ? आयकर ऐन २०५८ का विशेष प्रावधानहरुबारे चर्चा गर्नुहोस् ।

What are the objectives of Income Tax Act, 2058? Discuss about the special provisions of Income Tax Act, 2058.

३. बैक तथा वित्तीय संस्थामा वित्तीय विवरण भन्नाले कुन कुन विवरणहरुलाई जनाउँछ ? बैंक तथा वित्तीय संस्थाको नगद प्रवाह विवरणको नमूना समेत तयार गर्नुहोस् ।

Which statements are referred as financial statements in Bank and Financial Institutions? Also, prepare a model of cash flow statement of Bank and Financial Institutions.

४. बैंक तथा वित्तीय संस्थामा पूँजीको श्रोत र उपयोगको विशेषणलाई महत्वपूर्ण रुपमा लिइने कारणहरु के के हुन्? उल्लेख गर्नुहोस । साथै बैंक तथा वित्तीय संस्था संचालन गर्न आवश्यक पर्ने पूँजीका श्रोतहरु के के हुन् ? वर्णन गर्नुहोस् ।

What are the reasons that the analysis of sources and uses of fund is considered important in operate Bank and Financial Institutions? State.

५. विश्वव्यापीकरण प्रक्रियालाई धेरै तत्वहरुले बल पुऱ्याउँछन् । विश्वव्यापीकरणका प्रमुख प्रेरक तत्वहरुबारे वर्णन गर्नुहोस । नेपाली अर्थतन्त्रमा विश्वव्यापीकरणका प्रभावबारे आलोचनात्मक विवेचना गर्नुहोस् ।

Many factors lead to the process of globalization. Explain the main driving elements of globalization. Critically analysis the impact of globalization in Nepalese economy.

CamScanner

**लोक सेवा आयोग**

**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, छैठौं, सहायक प्रबन्धक पदको**

**प्रतियोगितात्मक लिखित परीक्षा**

**२०७४/०३/२६**

**पत्रः प्रथम**

**समयः ३ घण्टा** **पूर्णाङ्क : १००**

**विषयः बैंकिङ्ग, लेखा, वित्तीय विश्लेषण र आर्थिक नीति**

**प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्ध हुनेछ । परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी हुनेछ ।**

---

१. ग्राहक संरक्षण भनेको के हो ? यसका सिद्धान्त के के हुन् ? विस्तृतमा व्याख्या गर्नुहोस् ।
   What is meant by client protection? What are it's principles? Explain in detail.

२. कम्पनी ऐन, २०६३ का मुख्य उद्देश्य तथा विशेषताहरुका बारेमा चर्चा गर्नुहोस् ।
   Discuss about the major objectives and features of the company Act, 2063.

३. बाहय तथा आन्तरिक लेखापरीक्षण प्रणाली बीचको अन्तरसम्बन्ध बताउँदै यिनीहरुले आर्थिक प्रशासनमा कसरी सहयोग पुऱ्याउँदछन्? उल्लेख गर्नुहोस् ।
   Explain the interrelationship between external and internal audit system, how to these systems contribute to financial administration? Elaborate.

४. परियोजना विश्लेषण तथा मूल्याङ्कको विस्तृत खाका प्रस्तुत गर्नुहोस् ।
   Present the detailed framework of project analysis and appraisal.

५. देशको आर्थिक गतिविधि नियमन एवं व्यवस्थापन गर्न मौद्रिक नीति तथा वित्त नीति निर्माण गरिएको हुन्छ । मौद्रिक नीति र वित्त नीति बीचको अन्तरसम्बन्ध दर्शाउदै नेपालको मौजुदा "नीति" का विशेषताहरुको सम्बन्धमा प्रकाश पार्नुहोस् ।
   Monetary and Fiscal policies are formulated to regulate and facilitate the economic activities of the country. Showing the interrelationship between. Monetary and Fiscal Policies highlight the features of the existing "Monetary Policy" of Nepal.

---

CamScanner

**लोक सेवा आयोग**
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड,प्रशासन, छैठौं, सहायक प्रबन्धक पदको**
**प्रतियोगितात्मक लिखित परीक्षा**
**२०७४/०३/२७**

**पत्र: द्वितीय**
**समय: ३ घण्टा** **पूर्णाङ्क : १००**

**विषय: अर्थ, मुद्रा, व्यवस्थापन, सूचना प्रविधि, रणनीतिक योजना तथा समस्याको पहिचान र समाधान**

***प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षाको माध्यम नेपाली वा अंग्रेजी हुनेछ ।***

१. वर्तमान अवस्थामा नेपालको राष्ट्रिय अर्थतन्त्रको सामना गर्नुपरेका प्रमुख समस्या र अर्थतन्त्रको सम्भावनाहरुबारे विवेचनात्मक समीक्षा गर्नुहोस् ।

Critically review about the major problems faced by present national economy of Nepal and Prospects of the economy.

२. नेपालमा बैंक सुपरीवेक्षणका लागि पहिचान गरिएका "विवेकशिल नियमनहरु" के के रहेका छन् ? संक्षिप्तमा प्रकाश पार्नुहोस् । यो नियमनकारी प्रक्रियाहरुले कसरी नेपालको बैकिङ्ग क्षेत्रमासुशासन कायम गर्नमा सक्षम भएका छन् ? उदाहरणसहित चर्चा गर्नुहोस् ।

What are the identified prudential regulation points for the bank supervision in Nepal? Highlight in brief. How these regulatiory processes have been able to maintain good governance in the banking sector of Nepal? Discuss with examples.

३. नेपालको राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि नीतिको प्रमुख रणनीतिहरु के के हुन् ? वाणिज्य बैंकको व्यवस्थापन र सेवा प्रवाहमा सूचना प्रविधिलाई प्रभावकारी प्रयोग गर्न के गर्नुपर्ला ? उदाहरणसहित सुझाव दिनुहोस् ।

What are the major strategies of National Information and Communication Technology Policy of Nepal? What should be done for the effective use of IT in the Management and service delivery of commercial bank ? Suffest with illustrations.

४. मानव संसाधन विभागको प्रमुखको हैसियतमा राष्ट्रिय वाणिज्य बैंकको सञ्चालक समितिमा पेश गर्न कार्यान्वयन संयन्त्रसहित कर्मचारीहरुको वृत्ति विकासको राणनैतिक योजनाको खाका तयार गर्नुहोस् ।

On behalf of a chief of Human Resource Department, Prepare a framework of strategic plan for career development of employees with implementation mechanism to submit in the Board of Directors of Rastriya Banijya Bank.

५. नेपालको आर्थिक उदारीकरणको नीतिको कारण निजी क्षेत्रको बैंक तथा वित्तीय संस्थाहरुको सञ्चालनमा अत्यधिक पहुँच बढेको छ । बैंक तथा वित्तीय संस्थाहरुको संख्यामा भएको बढोत्तरीको तुलनामा वित्तीय पहुँच त्यो हदसम्म कायम हुन सकेको छैन । कूल जनसंख्याको करिब ४० प्रतिशत जनतामा मात्र वित्तीय-पहुँच छ । बैंक तथा वित्तीय संस्था र तिनका शाखाहरु राजधानी र सुविधासम्पन्न ठाउँमा केन्द्रित छन् । मौद्रिक नितिले ग्रामीण र पिछडिएको क्षेत्रमा तिनीहरुको शाखा विस्तार गर्न प्रोत्साहित गरेको छ । तथापि यसको प्रभावकारी कार्यान्वयनको अभावका कारण अर्थतन्त्रमा अनौपचारिक अर्थतन्त्रको जरा गाडेको छ । प्रस्तुत सन्दर्भमा देखिएका प्रमुख समस्या, समस्याका कारणहरु र सुझाव कार्यान्वयन कार्ययोजनासहित समस्या समाधानका लागि उपायहरु पेश गर्नुहोस् ।

Due to the economic liberlization policy of Nepal, the access in the operation of private secot bank and financial institutions (BFIs) has extremely increased. In comparieson to the increase number of BFIs, access to finance has not increased to that extent. Only about 40% of the total population have financial access. BFIs and their branches are concentrated in the capital city and other well privileged areas. Monetary policy has encouraged to extend their branches in the rural and backward areas. Even though, due to the lack of effective implementation of the policy, informal economy has deep root in the economy. With reference to this situtation, solve the problems with implementation plan.

CamScanner

लोक सेवा आयोग
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, छैठौं, सहायक प्रबन्धक पदको
प्रतियोगितात्मक लिखित परीक्षा
२०७४/११/२६

पत्रः द्वितीया
समयः ३ घण्टा

पूर्णाङ्क : १००

**विषयः अर्थ, मुद्रा, व्यवस्थापन, सूचना प्रविधि, रणनीतिक योजना तथा समस्याको पहिचान र समाधान**

*प्रत्येक खण्डको उत्तर छुट्याछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।*

१. अरु धेरै देशहरुको तुलनामा नेपालको कुल ग्राहस्थ उत्पादन (जि.डि.पी) को स्तर कि न्यून छ ? नेपालको जि.डि.पी. स्तर सुधार्न के कस्ता कदमहरु चालिनुपर्छ ? उपायहरुबारे सुझाव दिनुहोस् ।

Why Nepal's Gross Domestic Product (GDP) is at low level in comparison to many other countries? What steps should be taken to imporve Nepal's GDP level? Suggest measures.

२. वाणिज्य बैंक व्यवस्थापनका लागि महत्वपूर्ण अवयवहरु के के हुन् ? खास गरी निक्षेप संकलन र कर्जा विस्तारमा असन्तुलनको कारणले नेपालका वाणिज्य बैंकहरुले यदाकदा सामना गर्नुपरेका समस्या र चुनौतिहरु सम्बोधन गर्ने सुझावहरु उल्लेख गर्नुहोस् ।

What are the important components for managing a commerical bank? Specially, due to the imbalance of deposti collection and credit extension, elaborate suggestions to address the problem and challenges that commerical banks of Nepal have to face occasionally.

३. विश्वमै सूचना प्रविधि (IT) र सूचना प्रणाली (IS) हरुको एउटा ठूलो उपयोकर्ता वित्तीइ सेवा क्षेत्र पनि हो । तर यस क्षेत्रका संगठनहरुमा Cyber Securities ठूलो चुनौतीका रुपमा आएको छ । Cyber Security सम्बन्धमा विद्यमान अवस्था केलाउँदै सुधारका लागि आफ्ना सुझाव प्रस्तुत गर्नुहोस् ।

The financial service sector is one of the major user of information system (IS) and Information Technology (IT) in the world. But a great challenge of cyber securities occurred in the organizations of his sector. Analysing the existing status of Cyber security. Present your suggestions for improvement.

४. राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले गर्नुपर्ने अनुगमन तथा मूल्याङ्कनको सम्बन्धमा एउटा रणनीतिक योजनाको प्रारुप तयार गर्नुहोस् ।

Prepare a framework of strategic plan relating to monitoring and evaluation the Rastriya Bajijya Bank Limited has to carry

५. नेपाल प्रशासनमा व्यवस्थापन र कर्मचारीबीच सेतुको भूमिका निर्वाह गर्नको लागि ट्रेड युनिय गठन भएको भनिन्छ । तर सामान्य जनता युनियनको काम गराई व्यावसायिक नभएको गुनासो गर्छन् । फलस्वरुप सरकारले उपलब्ध गराउँदै आएको सेवाको गुणस्तर सन्तोषजनक छैन । यस सन्दर्भमा, समस्याको पहिचान गर्दै समाधानको लागि वैकल्पिक उपायहरुको सिफारिस र यसको कार्यान्वयन प्रारुप पनि स्पष्ट उल्लेख गर्नुहोस् ।

Trade Union formation is supposed to play a role of a "Bridge" between management and employees in Nepalese administration. But the common people grieve about Union's non-functioning in a professional manner. As a result, the quality of services being provided by the government are not at satisfactory. In this context, identifying the problems, elaborate the recommendation for the alternate solutions and state clearly it's implementing modality as well.

CamScanner

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, छैठौं, सहायक प्रबन्धक पदको प्रतियोगितात्मक लिखित परीक्षा

२०७३/१०/२२

पत्रः द्वितीया

समयः ३ घण्टा

पूर्णाङ्कः १००

**विषयः अर्थ, मुद्रा, व्यवस्थापन, सूचना प्रविधि, रणनीतिक योजना तथा समस्याको पहिचान र समाधान**

***प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।***

१. नेपालमा विदेशी विनियमको व्यवस्थापन कसरी गरिँदै आइएको छ । यस सम्बन्धमा कुनै परिवर्तन गर्नुपर्ने आवश्यकता छ/छैन ? धारणा प्रस्तुत गर्नुहोस् ।

२. व्यवस्थापनका नवीनतम् सिद्धान्त र शैलीहरुको बारेमा प्रकाश पर्नुहोस् । नेपालको बैकिङ क्षेत्रको व्यवस्थापनमा यी सिद्धान्तहरुको उपयोग कत्तिको भएको पाइन्छ ? वर्णन गर्नुहोस् ।

३. सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ का Vision, Mission, Goals र Objectives उल्लेख गर्नुहोस् । यो नीति सूचना प्रविधि नीति, २०६७ भन्दा कत्तिको फरक छ ? तुलना गर्नुहोस् ।

४. राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको मानव संशासन विकास (Human Resource Development) सम्बन्धमा संस्थागत Vision, Mission, Objectives, Policy र Strategy सहितको रणनीतिको योजना (Strategic Plan) को खाका (Framework) तयार गर्नुहोस् ।

५. पछिल्लो तथ्याङ्क अनुसार नेपालको वैदेशिक व्यापार निर्यात-आयात अनुपात ८१ प्रतिशत रहेको छ । यसले निराशाजनक अवस्थालाई इङ्गित गर्दछ । सबै प्रकारका कृषि उपजको लागि उपयुक्त भूगोल र हावापानी रहेको ६७ प्रतिशतभन्दा बढी सक्रिय जनसंख्याको जनसांख्यिक लाभ रहेको, स्थायी जलाधारसहितको ठूला ठूला नदी प्रणाली रहेको, वन पैदावार र नदीजन्य सामग्री उत्पादन र निर्यातको प्रशस्त सम्भावना रहेको भएता पनि उपलब्ध प्राकृतिक र मानवीय संशाधानलाई उत्पादन प्रशोधन, वजारीकरण र अन्तर्राष्ट्रिय निर्यात व्यापारमा जोड्न सकिएको छैन ।

अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन र सहजीकरणको लागि तुलनात्मक लाभ भएका वस्तु तथा सेवाको पहिचान, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय व्यापारिक संघ/संस्थासँगको आवद्धता र भन्सार तथा गैर भन्सार अवरोधहरु न्यूनिकरण गर्ने थुप्रै प्रयासहरुको वावजुद पनि हाम्रो निर्यात आधार कमजोर हुँदै जाँदा नेपालको घरेलु अर्थतन्त्र कठीन स्थितिमा छ । उपर्युक्त परिस्थिति आउनका कारणहरुको पहिचान गरी देखिएका समस्याहरुको समाधानका लागि सरकारी स्तरबाट लागू गर्नुपर्ने अल्पकालीन र दीर्घकालीन समाधानका उपायहरु प्रस्तुत गर्नुहोस् ।